# प्रदेश राजपत्र

प्रदेश सरकार, प्रदेश नं. २ द्वारा प्रकाशित

**खण्ड १) जनकपुरधाम, जेठ ३० गते, २०७५ साल (अतिरिक्ताङ्क ५**

## भाग १

### प्रदेश सरकार

### प्रदेशको सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

सम्वत् २०७५ सालको ऐन नं. २

प्रस्तावनाः-

सार्वजनिक लिखतहरुको प्रमाणीकरण कार्यविधि सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १६२ को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम "सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. दुई भरी लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कानून मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ख) "प्रमाणिक प्रति" भन्नाले सार्वजनिक लिखत प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर भएको सक्कल प्रति सम्झनु पर्छ ।

(ग) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

(घ) "सार्वजनिक लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छः–

(१) प्रदेश सभाले बनाएको ऐन,

(२) प्रदेश प्रमुखबाट जारी भएको अध्यादेश, आदेश, अधिकारपत्र वा सूचना,

(३) प्रदेश सभाले बनाएको नियम,

(४) प्रदेश सरकारले बनाएको नियम,

(५) प्रदेश सरकारले जारी गरेको आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत,

(६) प्रदेश सभाबाट पारित प्रस्ताव,

(७) प्रदेश मन्त्रिपरिषद्को निर्णय,

(८) संविधान, प्रचलित संघिय वा प्रदेश कानून बमोजिम प्रदेश सरकारले गर्ने नियुक्ति, सरुवा र अवकाशपत्र,

(९) संघिय वा प्रदेश कानून बमोजिम प्रदेशस्तरमा प्रमाणीकरण गर्नु पर्ने अन्य लिखत ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. <u>ऐनको प्रमाणीकरण कार्यविधिः</u> (१) प्रदेश सभाबाट विधेयक पारित भएपछि प्रदेश सभाको सचिवालयले त्यस्तो विधेयक A5 साइजको नेपाली कागजमा ६ (छ) प्रति तयार गरी प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकको प्रतिहरुमा सभामुखले प्रदेशसभाबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रमाणिक प्रतिहरु मध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक-एक प्रति प्रदेशको मुख्य मन्त्रीको कार्यालय, कानून मन्त्रालय, प्रदेश सभाको सचिवालय, नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय संसदमा पठाउनु पर्नेछ र त्यसरी प्राप्त प्रमाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रमाणिक प्रतिको आधारमा कानून मन्त्रालयका सचिवले ऐन प्रमाणीकरण

भएको मिति राखी सो ऐन प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

४. <u>प्रदेश सभाले बनाएको नियमहरूको प्रमाणीकरण:</u> (१) संविधान बमोजिम प्रदेश सभाले बनाएको नियमहरूको प्रमाणीकरण सभामुखको हस्ताक्षरबाट हुनेछ ।

(२)उपदफा (१) बमोजिमको पारित भएको नियमहरूलाई A5 साइजको नेपाली कागजमा ३ (तीन) प्रति तयार गर्

सभामुखबाट प्रमाणिकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रमाणिक प्रतिहरुमध्ये एक प्रति प्रदेश सभामा राखी अन्य एक-एक प्रति प्रदेशको मुख्य मन्त्रीको कार्यालय र कानून मन्त्रालयमा पठाउनु पर्नेछ र त्यसरी प्राप्त प्रमाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रमाणिक प्रतिको आधारमा कानून मन्त्रालयको सचिवले नियमहरू प्रमाणीकरण भएको मिति राखी सो नियमहरू प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

५. <u>प्रदेश सभाबाट पारित प्रस्तावको प्रमाणीकरण:</u> (१) संविधान तथा अन्य प्रदेश कानून बमोजिम प्रदेश सभाबाट पारित प्रस्तावको प्रमाणीकरण सभामुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणिक प्रतिको आधारमा प्रदेश सभाका सचिव वा निजले तोकेको अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ ।

६. <u>अध्यादेश प्रमाणीकरण कार्यविधि:</u> (१) संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्न सिफारिस गर्ने निर्णय भएपछि कानून मन्त्रालयले त्यस्तो

अध्यादेशको मस्यौदाको A5 साइजको नेपाली कागजमा चार प्रति तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदाको देहायका पदाधिकारीहरुले हस्ताक्षर गर्नु पर्नेछः–

(क) प्रदेश मुख्य मन्त्री,

(ख) सम्बन्धित विभागीय मन्त्री,

(ग) कानून सम्बन्धी विषय हेर्ने मन्त्री,

(घ) प्रदेश सरकारको प्रमुख सचिव, र

(ङ) कानून मन्त्रालयको सचिव ।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा कानून मन्त्रालयले मुख्य मन्त्रीको कार्यालयमा पठाउनु पर्नेछ र मुख्य मन्त्रीको कार्यालयले त्यस्तो मस्यौदा प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागु हुनेछ ।

(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रमाणीक प्रतिहरुमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक–एक प्रति मुख्य मन्त्रीको कार्यालय, कानून मन्त्रालय र नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ । त्यसरी प्राप्त प्रमाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएको प्रमाणिक प्रतिको आधारमा कानून मन्त्रालयको सचिवले अध्यादेश प्रमाणीकरण भएको मिति राखी सो अध्यादेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

७. <u>प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सुचनाको प्रमाणीकरणः</u>

(१) संविधान तथा अन्य संघिय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण प्रदेश प्रमुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले एकप्रति आफ्नो कार्यालयमा सुरक्षित राखी त्यस्तो आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएको जानकारी तथा कार्यान्वयनको लागि मुख्य मन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

८. <u>नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरणः</u> देहायका सार्वजनिक लिखतहरु जारी गर्ने सम्बन्धमा प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरेपछि सो को आधारमा प्रदेशको प्रमुख सचिवले त्यस्तो लिखतका दुई प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नेछ र सोको एक प्रति मुख्य मन्त्रीको कार्यालयमा राखी अर्को प्रति प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछः–

(क) प्रदेश सरकारले बनाएको नियम,

(ख) प्रदेश सरकारले जारी गरेको आदेश,

(ग) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(घ) संघिय वा प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्ले गर्नु पर्ने निर्णय, जारी गर्नु पर्ने निर्देशिका वा अन्य सार्वजनिक लिखत ।

९. <u>संविधान तथा अन्य प्रचलित कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण:</u>(१) संविधान तथा संघिय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट नियुक्ति हुने पदको नियुक्तिपत्र प्रदेश प्रमुखको हस्ताक्षरबाट प्रमाणीकरण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको नियुक्तिपत्रको प्रमाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्य मन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने विषय प्रकाशनको लागि प्रदेश कानून मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

१०. <u>अन्य सार्वजनिक लिखतको प्रमाणीकरण:</u> (१) प्रदेश मन्त्रिपरिषदबाट भएका निर्णय तथा नियुक्तिको प्रमाणीकरण प्रदेश सरकारको प्रमुख सचिवबाट हुनेछ ।

(२) दफा ३, ४, ५, ६, ७, ८ र उपदफा (१) मा लेखिएदेखि बाहेकका प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेशको सम्बन्धित मन्त्रालयको सचिव वा निजले तोकेको अन्य अधिकृतबाट हुनेछ ।

(३) यस ऐनमा लेखिएदेखि बाहेकका अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेश मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

११. <u>प्रदेश राजपत्रमा प्रकाशन गर्ने:</u> (१) यस ऐन बमोजिम प्रमाणीकरण भएका देहायका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रको देहायको भागमा प्रकाशन गर्नु पर्नेछः–

(क) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन वा अध्यादेश र प्रदेश सभाले बनाएको नियमहरू भाग – १,

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश वा अधिकारपत्र, भाग – २ र

(ग) प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सुचना र प्रदेश प्रमुखबाट हुने नियुक्ति, भाग – ३ ।

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा ऐन, अध्यादेश भए कानून मन्त्रालयको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि प्रदेश सरकारले तोकेको मुद्रण गर्ने निकायमा पठाउनु पर्नेछ ।

(३) प्रदेश ऐन र अध्यादेश बाहेकका नियम तथा अन्य सूचनाको हकमा सम्बन्धित अधिकारी वा निकायको निर्णयको आधारमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले सम्पादनको लागि निर्णय फाईल सहित कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सूचना सम्पादन गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने भाग समेत खुलाई कानून मन्त्रालयले सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कानून मन्त्रालयले सम्पादन गरी पठाए बमोजिमको सूचनामा सम्बन्धित मन्त्रालय वा

निकायको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि प्रदेश सरकारले तोकेको मुद्रण गर्ने निकायमा पठाउनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) को खण्ड (ग) बमोजिमको सूचना सम्बन्धित मन्त्रालय वा निकायको सचिवले अख्तियारी दिएको खण्डमा कम्तीमा राजपत्रांङ्कित तृतीय श्रेणी वा सो सरहको अधिकृतले प्रदेश राजपत्रमा प्रकाशनको लागि पठाउन सक्नेछ ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश राजपत्रमा प्रकाशन विना नै कार्यान्वयन गर्न सकिने विषयको आदेश वा निर्णयलाई प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने छैन ।

(८) कुनै सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने वा नपर्ने विषयमा द्विविधा उत्पन्न भएमा सो विषयमा कानून मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

१२. अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपर्ने: कुनै सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा प्रचलित प्रदेश कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो विषयमा यस ऐनमा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

१३. दण्ड सजाय: (१) कसैले प्रदेश ऐन वा अध्यादेशको किर्ते गरेमा, नभए नगरेको कुरा प्रमाणीकरण वा प्रमाणीत गरेमा वा यस ऐन बमोजिम प्रमाणीकरण भएका प्रदेश ऐन वा अध्यादेशलाई केरमेट गरेमा वा यस ऐन प्रतिकूलको अन्य कुनै कार्य गरेमा त्यस्तो कार्य केही सार्वजनिक लिखत प्रमाणीकरण

(कार्यविधि) ऐन, २०६३ प्रतिकूलको कसुर मानिने छ र कसुरदारलाई सोही कानून बमोजिमको सजाय हुनेछ ।

(२) यस दफा बमोजिम कसुर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानी नोक्सानी भएको रहेछ भने सो वापत क्षतिपूर्ति समेत कसुरदारबाट भराउनु पर्नेछ ।

१४. <u>सरकारवादी मुद्दा हुने:</u> यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

१५. <u>नियम बनाउने अधिकार:</u> यस ऐनको उदेश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**आज्ञाले,**
**देवीराम भण्डारी**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३